# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
# मितिः २८ मई २०२५
# समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले भोली सिक्किम तथा अलिपुद्वारको भ्रमण गर्नुहुनेछ। भ्रमण अवधि श्री मोदीले बिभिन्न परियोजनाहरुको शिलान्यास एव उद्धाटन गर्नुहुनेछ।
- पश्चिम बंगाल स्कूल सेवा आयोग सम्बन्धित विवादित भर्तिलाई लिएर अब राज्य सरकारले नयाँ नियुक्ति प्रक्रियाको दिशामा निर्णायक पाइला चालेको छ।
- आज खरसाङ नगरपालिकाको विभिन्न मुद्दाहरु माथि चर्चा गर्न एक महत्वपूर्ण बैठक सम्पन्न गरियो।
- महिनाव्यापी सागा दावा आजदेखि शुरु भएको छ
- बङ्गालको मौसमको स्वरुप तीव्र गतिमा परिवर्तन भइरहेको छ।

**प्रधानमंत्री सिक्किम यात्रा**

प्रधानमंत्री नरेंद्र मोदीले भोली सिक्किम भमणको क्रममा "**सिक्किम@50: जहां प्रगति का उद्देश्य से मिलन होता है और प्रकृति विकास को संवारती है"** कार्यक्रममा भाग लिनुहुनेछ। हाम्रो संवाददाताका अनुसार, प्रधानमन्त्रीले पाल्जोर स्टेडियममा विभिन्न परियोजनाको उद्धाटन र शिलान्यास गर्नुहुनेछ। सिक्किमले आफ्नो राज्यको स्थापनाको ५० औं वर्षगाँठ मनाइरहेको छ। यस अवधिमा वर्षभरि नै कार्यक्रम आयोजना गरिनेछ। जसको विषय वस्तु सुनौलो समृद्धि समर्थ सिक्किम हो जुन सिक्किमको सांस्कृतिक समृद्धि, परम्परा, प्राकृतिक सुन्दरता र इतिहासको उत्सव हो। यसका साथै प्रधानमन्त्री मोदीले नाम्ची जिल्लामा ७५० करोडभन्दा अधिक लागतमा निर्मित ५०० बेडको नयाँ जिल्ला अस्पतालको उद्धाटन गर्नुका साथै गेजिंग जिल्लाको पेलिङमा रोपवेको उद्धाटन गर्नुहुनेछ भने सिक्किमको ५० वर्ष पूरा भएको राज्योत्सव स्मारक सिक्का र हुलाक टिकट पनि जारी गर्नुहुनेछ। यसैबीच प्रधानमन्त्रीको भ्रमणलाई मध्यनजर गर्दै सुरक्षाको व्यापक व्यस्था गरिएको छ भने उहाँको सम्मानमा राज्य सरकारले साँझ ड्रोन शो को आयोजना गर्ने भएको छ।त्यसपछि श्री मोदी अलीपुरद्वारमा हुने कार्यक्रममा सामेल हुनुहुनेछ जहाँ अलीपुरद्वार र कूचबिहार जिल्लामा सिटी ग्यास वितरण परियोजनाहरूको शिलान्यास गर्नुहुनेछ भने बिशाल जनसभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको तथा जिल्लाभरका बिभिन्न विधानसभाबाट मानिसहरुको उपस्थिति रहने अलिपुद्वारका सासद मनोज तिग्गले बताउनु भएको छ सैबीच प्रधानमन्त्रीको सिक्किम भ्रमणलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कालिम्पोङले एक महत्वपूर्ण आदेश जारी गर्दै भोलि बिहान ६ बजेदेखि चौबीस घण्टासम्म ठूला सवारी साधनहरु प्रतिबन्ध लगाइएको छ भने सेती झोडा देखि रंगपोमा सबै प्रकारका मालवाहक सवारी साधन सञ्चालनमा पूर्ण प्रतिबन्ध लगाइएको छ। यो निर्णय सुरक्षाको दृष्टिले लिइएको तथा आवश्यक परेमा अस्थायी रूट डाइभर्सन पनि गरिने जिल्ला प्रशासनले जनाएको छ।

**डब्ल्यूबीएसएससी भर्ती मामला**

पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जी द्वारा आगामी 30 मई देखि बिद्यालयहरुमा शिक्षण अनि गैर-शिक्षण पदहरुका लागि नयाँ भर्ती प्रक्रिया शुरू गरिने घोषणा पछि राज्यको राजनीतिमा एउटा नयाँ विवाद उत्पन्न भएको छ। मुख्यमंत्रीले भन्नुभएको थियो - सुप्रीम कोर्टको आदेश पछि जुन 'निर्दोष' उम्मीदवारहरुले नौकरी गुमाएका छन् उनीहरु फेरि लिखित परीक्षामा सामेल हुनपर्नेछ ,तर यस घोषणा पछि धैरै कानूनी अनि राजनीतिक प्रश्नहरु अघि आईरहेका छन्। सबै भन्दा ठुलो प्रश्न यो छ कि राज्य

सरकार अनि पश्चिम बंगाल स्कूल सर्विस कमीशन (डब्ल्यूबीएसएससी) ले सुप्रीम कोर्टमा दर्ता गरिएको पुनर्विचार याचिकासित 'योग्य' अनि 'अयोग्य' उम्मीदवारहरुको बेग्ला-बेग्लै सूची सुम्पिएको छ वा छैन। विपक्ष अनि कानूनी विशेषज्ञहरु अनुसार यदि यो सूची अहिलसम कोर्टलाई सुम्पिएको छैन भने,यो पुनर्विचार याचिका मात्र समयको बर्बादी हुनेछ। विपक्षका नेता शुभेंदु अधिकारीले मुख्य मन्त्रीलाई सिधा चुनौती दिदै राज्य सरकार अनि डब्ल्यूबीएसएससी ले पुनर्विचार याचिकासित बेग्ला-बेग्लै सूची दर्ता गरिएको छ वा छैन भनि प्रश्न गर्नुभएको छ। यदि छैन भने यो स्पस्ट छ कि सरकारले केवल समय लिईरहेको छ अनि 'निर्दोष' अभ्यर्थिहरुलाई झूठो आशा दिईरहेको छ। राज्य सरकारले केवल समय काटने अनि भ्रम फैलाउने रणनीति अपनाईरहेको माकपा सांसद और वरिष्ठ वकील विकास रंजन भट्टाचार्यले आरोप लगाउनु भएको छ।

**डब्ल्यूबीएसएससी- अधिसूचना**

पश्चिम बंगाल स्कूल सेवा आयोग (डब्ल्यूबीएसएससी) सम्बन्धित विवादित भर्तिलाई लिएर अब राज्य सरकारले नयाँ नियुक्ति प्रक्रियाको दिशामा निर्णायक पाइला चालेको छ। अधिसूचना जारी हुनमा अब केवल 48 घण्टा बाँचेको छ,यसैलाई ध्यानमा राख्दै राज्य विधिक मामलाहरुका विभागका अधिकारीहरु मसौदा अधिसूचनाको गहन कानूनी जांचमा जुटेका छन्। राज्य सचिवालयका एक वरिष्ठ अधिकारीले बताए अनुसार अधिसूचनाको प्रतेक शब्दको विधिक समीक्षा गरिँदैछ ताकि त्येसमा कुनै प्रकारको कानूनी चुनौतीको सम्भावना नरहोस्। उहाले भन्नुभयो -यस पल्ट नियुक्तिको पुरा प्रक्रिया डब्ल्यूबीएसएससी को मध्यम द्वारा संचालित हुने भएता पनि यस माथि मुख्यमंत्री कार्यालय अनि विधिक विभागको सिधा निगरानी बनीरहने छ। अधिकारीले अझ जानकारी दिएका छन् कि यस पल्ट पारदर्शिता सुनिश्चित गर्नको लागि केहि विशेष कदम उठाइन्दै छ -जस्तै लिखित परीक्षामा उपयोग गरिएको ओएमआर शीट लाई लामो समयसम्म सुरक्षित राखिनेछ अनि त्येसको मिरर इमेजलाई आयोगको सर्वरमा राखिनेछ। हिज साँझ मुख्यमंत्री ममता बनर्जीले -डब्ल्यूबीएसएससी को नयाँ भर्ती अधिसूचना 30 मई मा जारी गरिने घोषणा गर्नुभएको थियो

**खरसाङ**

आज खरसाङ नगरपालिकाको विभिन्न मुद्दाहरु माथि चर्चा गर्न बैठक सम्पन्न गरियो। बैठकमा जीटीएका कार्यपाल अनित थापा महकुमा अधिकारी नगरपालिकाका BoA, सम्बन्धित अधिकारी लगायत सभासदहरु बिशेश उपस्थिति रहेको थियो।बैठकमा मुख्य रूपमा मनसुन तयारी र आपदा व्यवस्थापन, स्वास्थ्य सेवामा विस्तार,योजना अन्तर्गत नयाँ शहरी प्राथमिक स्वास्थ्य केन्द्र, नगरपालिका इन्जिनियरिङ प्रभाग, हाउजिङ फर अल परियोजना, उद्यान र स्काईवाक्स निर्माण, अवकास प्राप्त कर्मचारीको पेन्सन समस्या लगायतको बिसयमा वैठकमा चर्चा परिचर्चा गरिएको थियो।

**सागा दावा**

विभिन्न धर्मावलम्बी मानिसहरूको आ - आफ्नो धर्म परम्परा अनुसार व्रत, उपवास, संकल्प उपासना आदिको विशेष महत्व तथा विशेषता रहिआएको छ। हिन्दू धर्मावलम्बीहरू साउन महिनाभरि माछा मासु त्यागेर भगवान शिवको उपासना तथा पूजा आजा गर्छन् भने मुस्लिम समुदायका मानिसहरुले राख्ने रोजा ब्रतको आफ्नै विशेषता छ।

**बीएसएल-नेटवर्क**

भारत नेपालको संवेदनशील क्षेत्र सिमाना बजारमा घरी घरी उत्पन्न हुने बीएसनएलको नेटवर्क समस्यासँग धैरै बर्ष अघिदेखि गाउँवासी जुझ्दै आईरहेको समय फेरि तीन दिनदेखि बीएसएनएलको नेटवर्क ठप्प बनेको छ। गाउँलेहरूको एकमात्र संचार माध्यमसँग जोड्ने बीएसएनएलको नेटवर्क परिसेवा ठप्प बनेपछि गाउँलेहरुले धैरै समस्या भोग्नु परिरहेको स्थानीयहरुको भनाइ रहेको छ।

**मौसम**

बङ्गालको मौसमको स्वरुप तीव्र गतिमा परिवर्तन भइरहेको छ भने राज्यभरमा प्रि–मनसुन वर्षा सुरु भएको छ। यसैबीच दक्षिण बङ्गालका तटीय जिल्लाहरूमा आजदेखि भारी वर्षा भइरहेको छ, जुन दुई दिन अझ तीव्र हुन सक्छ। मौसम विभागले राज्यका सबैजसो जिल्लामा मेघगर्जन र वर्षाको सम्भावना रहेको जनाएको छ भने समुन्द्र अशान्त हुने आशंका गरिएको कारण जालहारीहरुलाई समुद्रमा जान प्रतिबन्ध लगाइएको छ। आगामी दुई दिनमा उत्तर बङ्गालमा मनसुन प्रवेश गर्ने अनुमान गरिएको छ।